# मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALIT
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्रसंख्या : २०७८।७९
चलानी नं. ५६८

मिति : २०७८।०७।१५

**विषयः शिक्षकहरुको स्वेच्छिक अवकास सम्बन्धी सूचना ।**

यस नगरपालिकाको नवौं नगरसभा द्वारा पारित चालु आ.व २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटबाट स्वेच्छिक अवकासमा जान चाहाने इच्छुक शिक्षकहरुलाई प्रोत्साहन रकम सहित बिदाइ गर्ने नीति अनुसार नगर शिक्षा समितिको मिति २०७८/०६/२० तथा नगर कार्यपालिकाको मिति २०७८/०७/११ गतेको बैठकको निर्णय बमोजिम तपसिलको सेवा अवधिको आधारमा तपसिल बमोजिमको प्रोत्साहन रकम प्रदान गरिने भएकोले यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत इच्छुक स्थायी शिक्षकहरुबाट मिति २०७८ मंसिर १५ गतेसम्ममा यस नगरपालिकामा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क. स्वेच्छिक अवकासको प्रोत्साहन रकम वितरणका आधारहरुः

| क्र.सं | स्वेच्छिक अवकासको अवधि | प्रोत्साहन रकम |
|---|---|---|
| १ | अनिवार्य अवकास हुन १ वर्ष वा सो भन्दा कम अवधि भएको भए | रु.१,५०,००० । |
| २ | अनिवार्य अवकास हुन १ वर्षदेखि २ वर्ष सम्मको अवधि भएको भए | रु.१,७५,००० । |
| ३ | अनिवार्य अवकास हुन २ वर्षभन्दा बढी अवधि भएको भए | रु.२,००,००० । |

**ख.स्वेच्छिक अवकासका आधारहरुः**

१.स्थायी सेवा अवधि २० वर्ष पुरा भएको हुनुपर्नेछ ।

२.५० वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।

३. स्वेच्छिक अवकासमा जान चाहाने शिक्षकले यस नगरपालिकाको शिक्षा शाखाको सहमती लिई शिक्षा विकास ताथ समन्वय ईकाइबाट राजिनामा स्वीकृतिको पत्र पेश गर्नुपर्नेछ ।

४.विगत १ वर्ष भित्र विभागीय सजाय नपाएको हनुपर्नेछ ।

५.निवेदन साथ नागरिकताको प्रमाणपत्र, स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताका प्रमाण पत्रहरु, विद्यालयको सिफारिस पत्र र राजिनामा स्वीकृत पत्र पेश गर्नु पर्नेछ ।

२०७८/७/१५

............................
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत